बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८३/०३/३०

## भाग -१

## बान्नीगढी जयगढ गाउँपालिका

### बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक ऐन, २०८३

**गाउँसभाबाट स्विकृत मितिः- २०८३/०३/३०**

**राजपत्रमा प्रकाशित मितिः- २०८३/०४/०४**

प्रस्तावना : बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर बढाउने, कर घटाउने र कर छुट दिने तथा स्थानीय राजस्व प्रशासन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८३ साल साउन १ गतेदेखि बान्नीगढी जयगढ गाउँपालिकाको क्षेत्रमा लागु हुनेछ ।

२. एकिकृत सम्पति कर र घरजग्गा कर : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घर, जग्गा तथा अन्य अचल सम्पत्तिमा अनुसूची-१ बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा कर लगाउने र असूल उपर गरिनेछ ।

३. भूमिकर (मालपोत) : एकीकृत सम्पत्ति कर लागू नभएका वा उक्त करको दायरामा नपरेका जग्गामा अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ। एकीकृत सम्पत्ति कर लागू भएका सम्पत्तिमा भूमिकर (मालपोत) लाग्ने छैन ।

४. घर बहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहाल (भाडा) मा दिएमा दश प्रतिशतका दरले घर बहाल कर लगाइनेछ ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जनको कार्यक्रम सञ्चालन गर्ने सञ्चालकसँग गाउँपालिका र सञ्चालकबीच आपसी समझदारीमा मनोरञ्जन कर लिने तथा विविध क्षेत्र छुट्याई न्यूनतम दर कायम गर्ने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्क : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-८ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर : गाउँपालिकामा निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. कर छुट तथा अन्य व्यवस्था : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । अन्य व्यवस्था अनुसूचि-१० बमोजिम हुनेछ ।

१४. एम्बुलेन्स भाडादर : (१) यस ऐन बमोजिम गाउँपालिकाको स्वामित्वमा रहेको एम्बुलेन्स बिरामीहरूका लागि प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा कानुन बमोजिम गठित जिल्लास्तरीय समितिले तोकेको दररेट अनुसार भाडा लिईनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस बान्नीगढी जयगढ गाउँपालिका भित्र बसोबास गर्ने गर्भवती महिला र जेष्ठ नागरिकहरुलाई बिरामी भई अस्पताल जानुपर्ने अवस्थामा अछाम जिल्ला अस्पताल र बयलपाटा प्रादेशिक अस्पतालसम्म उपचार गर्न जादा एम्बुलेन्स भाडा निःशुल्क गरिनेछ ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१६. प्रक्रिया सरलीकरण वा वाधा अड्काउ फुकुवा गर्न सक्ने : (१) यो ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक आवागमनमा अवरोध भएको, प्राकृतिक प्रकोप वा विपदको कारणले यस ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा वा कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँसभाले आवश्यकता अनुसार थप गर्न, प्रक्रिया सरलीकरण गर्न, वा कार्यान्वयनमा बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

एकिकृत सम्पति कर र घरजग्गा कर

(क) सम्पत्ति मूल्याङ्कन दस्तूर : सम्पत्ति मूल्याङ्कन दस्तूर मूल्याङ्कन कायम हुन आएको सम्पत्तिको मूल्यको ०.२० (जिरो दशमलव दुई जिरो) प्रतिशतका दरले लिईनेछ।

(ख) घर निर्माण नक्सा पास दस्तूर : घर निर्माण नक्सा पास दस्तुर देहाय बमोजिम हुनेछ;

| सि.नं. | विवरण | एकाइ | कर दर |
|---|---|---|---|
| १. | निवेदन फारम | | रु.१००।- |
| २. | पिलर सहित ढलान गरी निर्माण गरिने घरलाई | प्रति वर्ग फिट | रु.१०।- |
| ३ | बाँकी घरको तला अनुसार रु. १ थप गरिने | | |
| ४. | पिलर बाहेक ढलान गरी निर्माण गरिने घरलाई | प्रति वर्ग फिट | रु.८।- |
| ५. | ढलान बाहेक निर्माण गरिने घरलाई | प्रति वर्ग फिट | रु.७।- |
| ६. | माटोको जडान घर निर्माण गर्नेलाई | प्रति वर्ग फिट | रु.७।- |
| ७. | नक्शा नामसारी तथा नविकरण वापत प्रत्येक पटक | | रु.५००।- |
| ८. | साविक घर परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा | | रु.१००।- |
| ९. | नक्सा पास सम्बन्धी कार्य सम्पन्न प्रमाणपत्र | | रु.५००।- |
| १०. | पास भएको नक्साको प्रमाण पत्र प्रतिलिपि शुल्क | | रु.२५०।- |

(ग) चार किल्ला प्रमाणित दस्तूर : चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न बमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न बमोजिम सेवा शुल्क लिईनेछ;

| सि.नं. | विवरण | कर दर |
|---|---|---|
| १. | आधा रोपनी सम्मको जग्गाको | रु.१००।- |
| २. | आधा रोपनी भन्दा बढी एक रोपनीसम्मको जग्गाको | रु.२००।- |
| ३. | एक रोपनी भन्दा बढी पाँच रोपनी सम्मको जग्गाको | रु.३००।- |
| ४. | पाँच रोपनी भन्दा बढी दश रोपनी सम्मको जग्गाको | रु.५००।- |
| ५. | दश रोपनी भन्दा बढी जतिसुकै भएपनि | रु.१०००।- |

## अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
## भूमिकर (मालपोत)

(क) भूमि कर : अर्को कानून नबनेसम्म यस गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुमा निम्न अनुसारको (भूमि कर) मालपोत लिईनेछः

| सि नं | विवरण | कर दर |
|---|---|---|
| १ | प्रति रोपनी | रु.४।- |

स्पष्टिकरण : विगतको आर्थिक वर्षमा मालपोत नबुझाउने करदाताले २०८३ पौष मसान्तसम्म मालपोत बुझाएमा एक पटकका लागि हर्जना लिइने छैन । तत्पश्चात विगतको बक्यौतामा एक वर्ष देखी पाँच वर्ष सम्मकोमा पच्चीस प्रतिशत र पाँच वर्ष भन्दा माथिकोमा पचास प्रतिशत हर्जना लिईनेछ ।

(ख) घर कर : घरकर निम्नानुसारको लिइनेछः

| सि.नं. | विवरण | बार्षिक कर दर |
|---|---|---|
| १. | साधारण झुपडी घरको | रु.२५।- |
| २. | ढुंगा माटोको जोडाई भएको कच्ची घरको | रु.६०।- |
| ३. | सिमेन्ट जोडाईको पक्की घरको | रु.१००।- |

## अनुसूची-३
(दफा ५ सँग सम्बन्धित)

## व्यवसाय दर्ता तथा नविकरण कर

(क) व्यवसाय दर्ता तथा नविकरण कर : व्यवसाय कर वार्षिक रुपमा निम्न अनुसार लिइनेछ;

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| १. | खाद्यान्न तथा किराना पसल | | |
| | १.१ एक लाख भन्दा कम लगानी भएको | रु.१०००।- | रु.५००।- |
| | १.२ एक लाख भन्दा बढी लगानी भएको | रु.२०००।- | रु.१०००।- |
| | १.३ थोक सहितको किराना पसल | रु.३०००।- | रु.१५००।- |
| २. | तरकारी र फलफूल पसल | रु.२०००।- | रु.१०००।- |
| ३. | मदिरा पसल | | |
| | ३.१ स्थानीय स्तरमा उत्पादित मदिरा पसल | रु.१०००।- | रु.५००।- |
| | ३.२ इजाजत प्राप्त खुद्रा मदिरा पसल | रु.२०००।- | रु.१०००।- |
| | ३.३ इजाजत प्राप्त थोक मदिरा पसल | रु.४०००।- | रु.२०००।- |
| | ३.४ इजाजत प्राप्त वितरक मदिरा पसल | रु.७०००।- | रु.४०००।- |
| ४. | मासु पसल | रु.२०००।- | रु.१०००।- |
| ५. | कोल्ड ड्रिङ्कस पसल | रु.१०००।- | रु.५००।- |
| ६. | सून चाँदी गहना पसल | रु. २०००।- | रु. १०००।- |
| ७. | मोवाइल/इलेक्ट्रिक/ईलेक्ट्रोनिक्स विक्रि तथा मर्मत पसल | रु.२०००।- | रु.१०००।- |
| ८. | दुग्ध डिपो/पसल | रु.१०००।- | रु.५००।- |
| ९. | थान तथा फेन्सी कपडा पसल | रु.२०००।- | रु.१०००।- |
| १०. | ग्यास पसल | रु.२०००।- | रु.१०००।- |
| ११. | भाँडा पसल | रु.२०००।- | रु.१०००।- |
| १२. | कस्मेटिक पसल | रु.२०००।- | रु.१०००।- |
| १३. | हार्डवेयर पसल | रु.३०००।- | रु.३०००।- |
| १४. | स्टेशनरी तथा मसलन्द पसल | रु.२०००।- | रु.१०००।- |
| १५. | घडि विक्रि तथा मर्मत पसल | रु.५००।- | रु.३००।- |
| १६. | जडीवुटी खरिद विक्रि पसल | रु.२०००।- | रु.१०००।- |
| १७. | ट्रेडर्स/सप्लायर्स | रु.४०००।- | रु.२०००।- |
| १८. | डिलर | रु.६०००।- | रु.३०००।- |

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
| --- | --- | --- | --- |
| १९. | कृषि तथा भेटेरिनरी सामाग्रीको पसल | रु.२०००।- | रु.१०००।- |
| २०. | आइसक्रिम पसल | रु.५००।- | रु.३००।- |
| २१. | मार्वल/टायर पसल | रु.३०००।- | रु.२०००।- |
| २२. | सवारी साधनको शोरुम | | |
| | २२.१ ट्याक्टर तथा अन्य मेशिनरी | रु.५०००।- | रु.३०००।- |
| | २२.२ मोटरसाइकलको शोरुम | रु.७०००।- | रु.४०००।- |
| | २२.३ चार पाङ्ग्रे गाडीको शोरूम | रु.१००००।- | रु.५०००।- |
| २३. | उद्योग | | |
| | २३.१ रु. ५ लाखसम्म पूँजी भएका उद्योग | रु.४०००।- | रु.२०००।- |
| | २३.२ रु. ५ लाखभन्दा बढी पूँजी भएका | रु.६०००।- | रु.३०००।- |
| २४. | बेकरी उद्योग | रु.२०००।- | रु.१०००।- |
| २५. | बेकरी पसल | रु.१०००।- | रु.५००।- |
| २६. | कुटानी/पिसानी मिल | रु.३०००।- | रु.१५००।- |
| २७. | काष्ठ उद्योग/फर्निचर पसल | | |
| | २७.१ काठ काट्ने मेसिन (wood) कटर | रु.२०००।- | रु.१०००।- |
| | २७.२ कुनै एक प्रकारको फर्निचर मात्र बनाउने | रु.२०००।- | रु.१०००।- |
| | २७.३ काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्याल ढोका आदि बनाउने | रु.५०००।- | रु.३०००।- |
| २८. | मेटल वर्कशप | रु.४०००।- | रु.२०००।- |
| २९. | ठेक्कापट्टा : “घ” वर्गको निर्माण व्यवसायी | रु.५०००।- | रु.३०००।- |
| | २९.१ “घ” वर्गको इजाजत असोज मसान्तपछी नविकरण गर्दा प्रत्येक महिना रु. ५०० थप लाग्नेछ । | | |
| ३०. | होटल/लज/रेष्टुरेण्ट | | |
| | ३०.१ रेष्टुरेण्ट मात्र | रु.१०००।- | रु.५००।- |
| | ३०.२ साधारण खाना, नास्ता बनाउने होटल | रु.१०००।- | रु.५००।- |
| | ३०.३ लज मात्र भएको होटल | रु.२०००।- | रु.१००।- |
| | ३०.४ पाँच भन्दा बढी कोठा भएको लज तथा होटल | रु.५०००।- | रु.३०००।- |
| | ३०.५ दश कोठा भन्दा माथि एसी भएको | रु.१००००।- | रु.५०००।- |

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| | होटल, रेष्टुरेण्ट | | |
| ३१. | चिया पसल | रु.१०००।- | रु.५००।- |
| ३२. | पान पसल | रु.५००।- | रु.२५०।- |
| ३३. | क्याटरिङ सेवा | रु.३०००।- | रु.२०००।- |
| ३४. | पानी ट्यांकर | रु.२०००।- | रु.१०००।- |
| ३५. | फोटो स्टुडियो | रु.१०००।- | रु.५००।- |
| ३६. | हजाम/शैलुन व्यवसाय | रु.१५००।- | रु. ८००।- |
| ३७. | ब्युटि पार्लर | रु.२०००।- | रु.१०००।- |
| ३८. | टेलरिङ/कटाई सिलाई | | |
| | ३८.१ आधुनिक | रु. २०००।- | रु. १०००।- |
| | ३८.२ सामान्य | रु. १०००।- | रु. ५००।- |
| ३९. | जुत्ता पसल | | |
| | ३९.१ जुत्ता सिलाई र बेच्ने पसल | रु.२०००।- | रु.१०००।- |
| | ३९.२ जुत्ता मर्मत मात्र गर्ने | रु.१०००।- | रु.५००।- |
| ४०. | छापाखाना (साधारण प्रेस/अफसेट प्रेस) | रु.३०००।- | रु.१५००।- |
| ४१. | मोटर वर्कशप | | |
| | ४१.१ दुई पाङ्ग्रे सवारी साधन मर्मत | रु.४०००।- | रु.२०००।- |
| | ४१.२ चार पाङ्ग्रे सवारी साधन मर्मत | रु.५०००।- | रु.३०००।- |
| ४२. | केवल टिभि तथा निजी इन्टरनेट सेवा प्रदायक व्यवसाय | रु.४०००।- | रु.२०००।- |
| ४३. | टेलिफोन टावर राखि सञ्चार सेवा उपलब्ध गराउने संस्था | रु.२००००।- | रु.२००००।- |
| ४४. | आरन व्यबसाय संचालन | रु.१०००।- | रु.५००।- |
| ४५. | स्वास्थ्य सेवा | | |
| | ४५.१ साधारण मेडिकल | रु.२०००।- | रु.१०००।- |
| | ४५.२ थोक मेडिकल | रु.४०००।- | रु.२०००।- |
| | ४५.३ दन्तक्लिनिक | रु.४०००।- | रु.२०००।- |
| | ४५.४ पोलीक्लिनिक | रु.६०००।- | रु.३०००।- |
| | ४५.५ अस्पताल | रु.८०००।- | रु.४०००।- |
| ४६. | शैक्षिक संस्था | | |
| | ४६.१ मन्टेश्वरी सञ्चालन | रु.२०००।- | रु.१०००।- |
| | ४६.२ कक्षा एक देखि पाँच सम्म संचालित | रु.५०००।- | रु.३०००।- |

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
| --- | --- | --- | --- |
| | ४६.३ कक्षा एक देखि आठ सम्म संचालित | रु.७०००।- | रु.४०००।- |
| | ४६.४ कक्षा एक देखि बाह्र सम्म संचालित | रु.१००००।- | रु.५०००।- |
| | ४६.५ इन्स्टिच्युट/ट्युसन सेन्टर | रु.२०००।- | रु.१०००।- |
| ४७. | सञ्चार माध्यम | | |
| | ४७.१ एफ. एम. रेडियो (१०० वाटसम्म) | रु.३०००।- | रु.२०००।- |
| | ४७.२ दैनिक पत्रपत्रिका | रु.३०००।- | रु.२०००।- |
| | ४७.३ अनलाइन पत्रिका | रु.३०००।- | रु.२०००।- |
| ४८. | लेखापरीक्षक/लेखापढी सेवा | रु.२०००।- | रु.१०००।- |
| ४९. | विज्ञापन सेवा वा एजेन्ट | रु.२०००।- | रु.१०००।- |
| ५०. | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको शाखा | रु.१००००।- | रु.५०००।- |
| ५१. | वित्तिय सेवा | | |
| | ५१.१ "क" वर्गका वाणिज्य बैंकहरू | रु.२५०००।- | रु.२५०००।- |
| | ५१.२ "ख" वर्गका विकास बैंकहरू | रु.२००००।- | रु.२००००।- |
| | ५१.३ "ग" वर्गको बैंक तथा वित्तीय संस्था | रु.१५०००।- | रु.१५०००।- |
| | ५१.४ "घ" वर्गको वित्तीय संस्थाहरु | रु.१००००।- | रु.१००००।- |
| | ५१.५ बिमा कम्पनी | रु.६०००।- | रु.६०००।- |
| | ५१.६ मनी ट्रान्सफर/रेमिट्यान्स सेवा | रु.४०००।- | रु.४०००।- |
| ५२. | वचत र ऋणको कारोबार गर्ने सहकारी | रु.१५००।- | रु.१०००।- |
| ५३. | कृषि तथा पशुपन्छी फर्म | | |
| | ५३.१ चारसय भन्दा वढी कुखुरा/कालिज पाल्ने फर्म | रु.३०००।- | रु.१५००।- |
| | ५३.२ चारसय भन्दा कम कुखुरा/कालिज पाल्ने फर्म | रु.२०००।- | रु.१०००।- |
| | ५३.३ पशुपन्छी फर्म (बंगुर, माछा, बाख्रा, मौरी, भैसी, गाई तथा अन्य) | रु.२०००।- | रु.१०००।- |
| | ५३.४ कृषि फर्म (तरकारी, फलफूल, नर्सरी, पुष्प व्यवसाय तथा अन्य) | रु.२०००।- | रु.१०००।- |
| ५४. | चौपाया आयात निर्यात (प्रतिगोटा प्रतिपटक) | जिल्ला भित्र | जिल्ला बाहिर |
| | ५४.१ रागा र भैसी | रु.१००।- | रु.२००।- |
| | ५४.३ गाई र गोरु | रु.७५।- | रु.१५०।- |
| | ५४.५ खसी, बोका र बाख्रा | रु.५०।- | रु.१००।- |
| ५५. | अन्य प्रकृतिका व्यवसाय (पूँजीका आधारमा) | | |

| सि.नं. | विवरण | दर्ता शुल्क | नविकरण |
|---|---|---|---|
| | ५५.१ एक लाख भन्दा कम लगानी भएको | रु.२०००।- | रु.१०००।- |
| | ५५.२ एक लाख भन्दा माथि दश लाख भन्दा कम लगानी भएको | रु.३०००।- | रु.१५००।- |
| | ५५.३ दश लाख भन्दा माथि बिस लाख भन्दा कम लगानी भएको | रु.४०००।- | रु.२०००।- |
| ५६. | संघसंस्था तथा उपभोक्ता समिति | | |
| | ५६.१ सामाजिक संघसंस्था | रु.२०००।- | रु.१०००।- |
| | ५६.२ उपभोक्ता समिति तथा अन्य क्लब | रु.१०००।- | रु.५००।- |
| ५७. | हाट बजार प्रवेश प्रति व्यापारी | रु.१०।- | रु.१०।- |
| ५८. | घुमन्ते व्यापारी प्रतिदिन | रु.५०।- | रु.५०।- |
| ५९. | सिरक डसना पेल्ने मेशिन सहित | रु.१५००।- | रु.१०००।- |

स्पष्टिकरण

(क) नयाँ व्यवसाय सुरु गर्दा लगानी अनुसारको दर्ता शुल्क, बिमा कम्पनीमा लाग्ने कर, मनी एक्सचेन्जर/मनि ट्रान्सफरमा लाग्ने कर, डिलर, एजेन्ट, डिपो, सब-डिलर आदि बाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आइटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आइटम मध्ये कुनै एकको मात्र कर लिईनेछ । यसमा सबै आइटम मध्ये जुन आइटममा कर रकम बढी छ सोहीलाई कायम गरी असूल गरिनेछ ।

(ख) कुनै पनि दर्ता भएको व्यापार व्यवसायको कर बुझाउने समय प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि असोज मसान्त सम्म मानिनेछ ।

(ग) म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरूबाट तिर्नुपर्ने सम्पूर्ण करको दश प्रतिशतका दरले जरिवाना सहित असूल गरिनेछ । र समय भित्र कर बुझाउन आएमा दश प्रतिशत छुट गर्न सकिनेछ ।(व्यापार व्यवसायको हकमा मात्र)

(घ) कुनै पनि दर्ता भएको व्यबसाय नामसारी तथा ठाउसारी गर्दा रु ५००।- शुल्क लाग्नेछ।

(ङ) दर्ता भएको कुनै पनि व्यबसाय बन्द गर्दा रु ५००।- शुल्क लाग्नेछ ।

(च) कृषक समुह दर्ता गर्दा रू. १००। शुल्क र रू. ५०। नविकरण शुल्क लाग्नेछ ।

(छ) कक्षा ८ को ग्रेडसिट/सर्टिफिकेटको प्रतिलिपि दिदा रु. १००।०० शुल्क लाग्नेछ ।

(ज) गाउँपालिकाद्धारा संचालन भएको परीक्षाको नतिजा सम्बन्धमा चित्त नबुझी नतिजा पुनर्योग गर्न चाहेमा पुनर्योग बापत प्रति विषयको रू. १००।०० शुल्क लाग्नेछ ।

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | एकाइ | कर दर |
|---|---|---|---|
| १. | सल्लाको खोटो संकलन | प्रति केजी | रु.२।- |
| २. | काठ निकासी (सल्ला A ग्रेड) | प्रति क्यू फिट | रु.१५।- |
| ३. | काठ निकासी (सल्ला B ग्रेड) | प्रति क्यू फिट | रु.१२।- |
| ४. | कु काठ | प्रति क्यू फिट | रु.१०।- |
| ५. | साल A ग्रेड | प्रति क्यू फिट | रु.२५।- |
| ६. | साल B ग्रेड | प्रति क्यू फिट | रु.२०।- |
| ७. | जडिबुटि शुल्क कुल राजश्व रकमको | | १० प्रतिशत |

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

## सवारी साधन कर

| सि.नं. | विवरण | कर दर | नविकरण |
|---|---|---|---|
| १ | अटो रिक्सा दर्ता | रु.२०००।- | रु.१०००।- |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

### विज्ञापन कर

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | होर्डिङ बोर्ड प्रति वर्ग फिट | रु.१००।- |
| २. | भित्ते लेखन/सटर पेन्टिङ प्रति वर्ग फिट | रु.५०।- |

अनुसूची-७

(दफा १० सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | कर दर |
|---|---|---|
| १. | हलभाडा प्रतिदिन | रु.२०००।- |
| २. | प्रोजेक्टर भाडा प्रतिदिन | रु. ५००।- |
| ३. | ब्याकुलोडर भाडा प्रति घण्टा (डिजेल बाहेक) | रु.१८००।- |
| ४. | व्याकुलोडर भाडा प्रति घण्टा (डिजेल सहित) | रु.३५००।- |
| ५. | टेक्टर भाडा प्रति दिन (डिजेल बाहेक) | रु.४०००।- |
| ६. | टेक्टर भाडा प्रति दिन (डिजेल सहित) | रु.८०००।- |
| ७. | सार्वजनिक स्थानमा रहेका पसल/टहराको भाडा प्रति महिना | रु.२००।- |

स्पष्टिकरण

१. ब्याकुलोडरको हकमा भाडा सम्झौता फाराम तयार गरेर मात्र प्रयोग गर्नु पर्नेछ । भाडा गाउँपालिकाको कार्यालय देखी कार्यालयमा फिर्ता भएको समय सम्म तथा लगबुक भरेको आधारमा हुनेछ । अप्रेटर भत्ता प्रति घण्टा रु. २०० र हेल्परको भत्ता प्रति घण्टा रु. १०० तथा खाना र खाजा खर्च भाडामा लिने व्यक्तिले व्यहोर्नु पर्नेछ । गाउँपालिका भित्रका उपभोक्ता समितिद्धारा निर्माण कार्य गरिने आयोजनाहरुका लागी मात्र डिजेल सहित भाडामा दिईनेछ ।

२. ट्याक्टरको हकमा बिहान ९:०० बजे देखी बेलुका ५:०० बजे सम्म ८ घण्टाको समयावधिलाई एक दिन मानिनेछ । कार्यालयको नगदी रसिद काटेर मात्र भाडामा प्रयोग गर्नु पर्नेछ । चालकको भत्ता दिनको रु. ५०० र खाजाखाना खर्च भाडामा लिनेले बेहोर्नु पर्नेछ । गाउँपालिका भित्रका उपभोक्ता समितिद्धारा निर्माण कार्य गरिने आयोजनाहरुका लागी मात्र डिजेल सहित भाडामा दिईनेछ ।

अनुसूची-८

(दफा ११ सँग सम्बन्धित)

पार्किङ शुल्क

गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरूलाई गाउँपालिकाले तोकेको पार्किङ्ग स्थलमा पार्क गरे बापत मात्र पार्किङ शुल्क लिईनेछ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | बस, ट्रक, ट्याक्टर, ब्याकुलोडर, टिपर प्रति दिन | रु.१००।- |
| २. | मिनिबस, माईक्रो बस, जिप, भ्यान प्रति दिन | रु.५०।- |
| ३. | मोटरसाइकल/स्कुटर प्रति दिन | रु.१०।- |

अनुसूची-९

(दफा १२ सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | सेवा शुल्क दस्तुर |
|---|---|---|
| १. | नागरिकता सिफारिस | रु.१००।- |
| २. | नामसारी सिफारिस | रु.२००।- |
| ३. | फर्म दर्ता सिफारिस | रु.२००।- |
| ४. | उद्योग दर्ता सिफारिस (प्रति लाखमा) | रु.३००।- |
| ५. | जग्गा धनी प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | रु.१००।- |
| ६. | नाता/ सगोल प्रमाणित | रु.२००।- |
| ७. | धारा/बिजुली मिटर सिफारिस | रु.२००।- |
| ८. | नाम,थर आदि सच्चाउने सिफारिस | रु.१००।- |
| ९. | जग्गा/मोही नामसारी/जग्गा दर्ता/ गुठी/ रैकर आदि | रु.२००।- |
| १०. | जग्गा खरिद विक्रिमा घर, बाटो प्रमाणित | रु.२००।- |
| ११. | कालोपत्रे मोटरबाटो भएको छ भनी गरिने सिफारिस | रु.२००।- |
| १२. | अन्य मोटरबाटो भएको छ भनी गरिने सिफारिस | रु.१००।- |
| १३. | आयस्रोत प्रमाणितको सिफारिसमा बार्षिक आयको हिसावले | ०.२० प्रतिशत |
| १४. | रूख काट्नको लागि सिफारिस दिँदा प्रति रूख | रु.२००।- |
| १५. | वडास्तरीय योजना सम्झौता सिफारिस | रु.२००।- |
| १६. | वडास्तरीय योजना सम्पन्न/भुक्तानी सिफारिस | रु.३००।- |
| १७. | अन्य निकायका योजना सम्पन्न/भुक्तानी सिफारिस | रु.५००।- |
| १९. | उद्योग ठाँउसारी सिफारिस | रु.५००।- |
| २०. | यस गाउँपालिकामा दर्ता भए गरेका गैरसरकारी संस्था दर्ता तथा नविकरण गर्न जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्दा | |
| | २०.१ दर्ता वा शाखा विस्तार सिफारिस शुल्क | रु.१५००।- |
| | २०.२ तीन लाखसम्म कारोबार भएका संस्था नविकरण | रु.५००।- |
| | २०.३ तीनलाख देखि दश लाखसम्म कारोबार भएका संस्था नविकरण | रु.१०००।- |
| | २०.४ दश लाखदेखि पचास लाखसम्म कारोबार भएका संस्था नविकरण | रु.२०००।- |
| | २०.५ पचास लाखदेखि दुई करोडसम्म कारोबार भएका संस्था नविकरण | रु.५०००।- |
| | २०.६ दुई करोड भन्दा माथि कारोवार भएको संस्था नविकरण | रु.१००००।- |

| सि.नं. | विवरण | सेवा शुल्क दस्तुर |
|---|---|---|
| २१. | गाउँपालिका भित्र रहेका मठ, मन्दिर, धार्मिक परोपकारी संस्था र क्लब दर्ता र नविकरण गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्दा, दर्ता/नविकरण/बिलम्ब बापत प्रति सिफारिस | रु.२५०।- |
| २२. | पञ्जिकरण सम्बन्धी | |
| | २२.१ घटना दर्ता प्रमाण पत्र (बिलम्ब शुल्क) | रु.२००।- |
| | २२.२ घटना दर्ता प्रमाण पत्र प्रतिलिपि | रु.५००।- |
| | २२.३ व्यक्तिगत घटना दर्ता नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | रु.२००।- |
| २३. | सार्वजनिक शौचालय प्रयोग शुल्क | |
| | २७.१ दिसा पिसाब गरे बापत | रु.१०।- |
| | २७.२ पिसाव मात्र गरे बापत | रु.५।- |
| २४. | अन्य सिफारिस सबै | रु.२००।- |

स्पष्टिकरण

१. छात्रवृत्ति, आर्थिक सहायता, निःशुल्क स्वास्थ्य उपचार, दैवी प्रकोप र जेष्ठ नागरिक भत्ता प्रासको लागि गरिने मञ्जुरनामाको सिफारिस आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिईनेछ ।

२. यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसका हकमा यस ऐनसँग नबाझिने गरी गाउँसभाको निर्णय बमोजिम हुनेछ ।

३. यस गाउँपालिकामा कर, दस्तूर, महशुल आदि बुझाएको भनी लिएको प्रमाणपत्रहरू आदि हराएमा रू. २५०।- लिई अर्को प्रतिलिपि प्रमाणपत्र दिईनेछ ।

४. सम्पुर्ण अंग्रेजी सिफारिस दस्तुरमा, नेपाली सिफारिसका लागि तोकिएको दस्तुरमा एक सय प्रतिशत थप दस्तुर लिइनेछ ।

अनुसूची-१०

(दफा १३ सँग सम्बन्धित)

कर सम्बन्धी अन्य व्यवस्थाहरु

१. विगतमा बान्नीगढी जयगढ गाउँपालिकमा दर्ता भई नवीकरण नभएका व्यवसायलाई २०८३ को पौष मसान्तसम्म नवीकरण गरेमा जरिवाना शत प्रतिशत छुट हुनेछ ।
२. अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरी रहेको अवस्थामा प्रहरी प्रशासनबाट पक्राउ परि असुली भएको जरिवाना रकमको २० प्रतिशत प्रोत्साहन स्वरुप उक्त प्रहरी प्रशासनलाई उपलब्ध गराईनेछ ।
३. बानीगढी जयगढ गाउँपालिका गाउँसभाबाट निर्णय भएका छुट तथा सुविधा निर्णय अनुसार हुनेछ ।
४. बानीगढी जयगढ गाउँपालिकाबाट राजस्व संकलनका लागि स्थलगत रूपमा खटिने कर्मचारीहरूलाई, निजहरूले संकलन गरेको रकमको १० प्रतिशत रकम प्रोत्साहन भत्ता बापत उपलब्ध गराइनेछ ।
५. बानीगढी जयगढ गाउँपालिकाको अनुमति बिना प्राकृतिक स्रोत साधन ढुङ्गा, बालुवा, माटो आदीको चोरी निकासी गरेको पाइएमा प्रथम पटक रु.५०००/-, दोस्रो पटक रु.१००००/- र तेस्रो पटक रु.१५०००/- जरिवाना लगाईनेछ।

माथि उल्लेखित शिर्षकहरुमा नपरेका विषय वस्तुहरु स्थानीय ऐन, नियमावली तथा प्रचलित प्रदेश र सङ्घीय कानुन बमोजिम हुनेछ ।

आज्ञाले

सुरेश प्रसाद जैसी

प्रमुख प्रशासकीय अधिकृत